# उच्च अदालत पाटन

वर्ष १ अङ्क ९ इ-बुलेटिन फागुन २०८१

## चालु आ.ब. को अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न




**सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल दीप प्रज्वलन गरी कार्यक्रमको समुद्घाटन गर्नु हुँदै।**

मिति २०८१/१०/०४ गते उच्च अदालत पाटन, उच्च अदालत पाटन हेटौँडा इजलास र मातहतका जिल्ला अदालतहरुको अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरियो। यस अदालतका माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले अध्यक्षता गर्नुभएको उक्त समीक्षा कार्यक्रमको प्रमुख अतिथि सर्वोच्च अदालतका वरिष्ठतम् माननीय न्यायाधीश एवं अनुसन्धान तथा योजना समितिका अध्यक्ष श्री सपना प्रधान मल्ल, विशिष्ट अतिथि सर्वोच्च अदालतका माननीय न्यायाधीश एवं अनुसन्धान तथा योजना समितिका सदस्य श्री टेकप्रसाद ढुङ्गाना रहनुभएको थियो। सो कार्यक्रममा उच्च अदालत पाटन, हेटौडा इजलासका माननीय मुख्य भई काम गर्ने न्यायाधीश श्री यमुना भट्टराई एवं सर्वोच्च अदालतका रजिष्ट्रार श्री भद्रकाली पोखरेल, सहरजिष्ट्रार श्री बाबुराम दाहालसमेत उपस्थित हुनु भएको थियो।



उक्त कार्यक्रममा यस अदालतका सम्पूर्ण माननीय न्यायाधीशहरू, यस अदालतका रजिष्ट्रार श्री श्रीलाल पौडेल, उच्च अदालत पाटन हेटौंडा इजलासका रजिष्ट्रार श्री रामु शर्मा, मातहतका जिल्ला अदालतहरूका माननीय न्यायाधीशहरू, स्रेस्तेदारहरू, यस अदालतका उपरजिष्ट्रारहरू एवं अधिकृत तथा अन्य कर्मचारीहरुसमेतको सहभागिता रहेको थियो। समीक्षा कार्यक्रममा न्यायपालिकाको पाँचौं पञ्चबर्षीय रणनीतिक योजना (२०८१/०८२-२०८५/०८६) ले तय गरेको यस अदालत, उच्च अदालत पाटन हेटौंडा इजलास तथा मातहतका जिल्ला अदालतहरुको यस आर्थिक वर्षको अर्धवार्षिक अवधिको लक्ष्य र प्रगतिका साथै आर्थिक भौतिक तथा जनशक्तिगत अवस्था, चुनौती र समस्याका बारेमा समीक्षा गर्दै आगामी दिनमा लक्ष्य अनुरूप कार्य सम्पन्न गर्न तथा समस्याहरूको निराकरण गर्न अपनाउनुपर्ने उपायहरूका बारेमा छलफल भएको थियो।

**कार्यक्रममा प्रस्तुत गरिएको तथ्याङ्क अनुसार समग्र लगतका आधारमा फछ्यौंटको अवस्था निम्नबमोजिम देखियो:**

| क्र.सं | अदालतको नाम | जम्मा लगत | फछ्यौंट संख्या | फछ्यौंट प्रतिशत | क्र.सं | अदालतको नाम | जम्मा लगत | फछ्यौंट संख्या | फछ्यौंट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | उच्च अदालत पाटन | १०९८९ | ४९८४ | ४५.३५ | २ | उच्च अदालत पाटन हेटौंडा इजलास | १०८२ | ५५५ | ५१.२९ |
| ३ | काठमाडौं जिल्ला अदालत | ३९१२१ | १०७१५ | २७.३९ | ४ | ललितपुर जिल्ला अदालत | ५८०६ | १७९० | ३०.८३ |
| ५ | भक्तपुर जिल्ला अदालत | ५९९० | १७९१ | २९.८९ | ६ | काभ्रेपलाञ्चोक जिल्ला अदालत | २३८६ | ८०८ | ३३.८६ |
| ७ | सिन्धुपाल्चोक जिल्ला अदालत | ६८३ | ३४९ | ५१.१० | ८ | धादिङ जिल्ला अदालत | १००५ | ५१३ | ५१ |
| ९ | रसुवा जिल्ला अदालत | ७८ | ३६ | ४६.१५ | १० | नुवाकोट जिल्ला अदालत | ६४० | ३४४ | ५३.७५ |
| ११ | सिन्धुली जिल्ला अदालत | १०७५ | ३८४ | ३५.७२ | १२ | दोलखा जिल्ला अदालत | ४४० | १५९ | ३६.१३ |
| १३ | चितवन जिल्ला अदालत | ४१९१ | १७८२ | ४२.५२ | १४ | मकवानपुर जिल्ला अदालत | २७९३ | ११५८ | ४१.४६ |
| १५ | रामेछाप जिल्ला अदालत | २९३ | १४२ | ४८.४६ | | | | | |

यस अर्धवार्षिक अवधिमा उच्च अदालत पाटनमा अर्धवार्षिक लक्ष्यको ९६.४२% मुद्दा फछ्यौंट भएको देखियो। त्यस्तै मातहतका अदालतहरुमा काठमाडौं जिल्ला अदालतले अर्धवार्षिक लक्ष्यको ७१.३६ प्रतिशत, भक्तपुर जिल्ला अदालतले ८०.१७ प्रतिशत, ललितपुर जिल्ला अदालतले ७४.२७ प्रतिशत, काभ्रेपलाञ्चोक जिल्ला अदालतले ७३.८६ प्रतिशत, सिन्धुपाल्चोक जिल्ला अदालतले १२७.८४ प्रतिशत, दोलखा जिल्ला अदालतले ७४.२९ प्रतिशत, रसुवा जिल्ला अदालतले १०५.८८ प्रतिशत, रामेछाप जिल्ला अदालतले १०९.२३ प्रतिशत, नुवाकोट जिल्ला अदालतले १२२.८६ प्रतिशत, धादिङ जिल्ला अदालतले ८४ प्रतिशत, सिन्धुली जिल्ला अदालतले ७५.८८ प्रतिशत, चितवन जिल्ला अदालतले ९८.८ प्रतिशत र मकवानपुर जिल्ला अदालतले ८५.५८ प्रतिशत मुद्दा फछ्यौंट गरेको देखियो। त्यस्तै उच्च अदालत पाटन हेटौंडा इजलासले लक्ष्यको ११०.१२ प्रतिशत मुद्दा फछ्यौंट गरेको देखियो।

समीक्षा कार्यक्रममा यस अदालत, उच्च अदालत पाटन हेटौंडा इजलास तथा मातहतका जिल्ला अदालतहरूमा कार्यरत माननीय न्यायाधीशहरूमध्ये अर्धवार्षिक अवधिमा सबैभन्दा बढी (५८७ थान) फैसला गर्ने यस अदालतका माननीय न्यायाधीश श्री कृष्णराम कोइरालालाई प्रमुख अतिथिबाट खादा र दोसल्ला ओढाई सम्मानसमेत गरिएको थियो।

अर्धवार्षिक समीक्षा कार्यक्रममा प्रस्तुत गरिएको तथ्याङ्क अनुसार यस अदालतमा पुष मसान्तसम्म कुल १०,९८९ थान मुद्दाको लगत रहेकोमा ४,९८४ थान फैसला भई ६,००५ थान मुद्दा दोस्रो अर्धवार्षिकलाई जिम्मेवारी सरेको देखियो। जिम्मेवारी सरेका ६,००५ थान मुद्दामध्ये अवधिगत हिसाबमा हेर्दा ५,५९७ थान मुद्दा १ वर्षभित्रका, ३२१ थान मुद्दा १ वर्षदेखि १८ महिनाभित्रका, ९७ थान १८ महिनादेखि २ वर्ष भित्रका, १८ थान २ वर्ष नाघेका मुद्दा रहेका छन्। त्यस्तै आगामी असार मसान्तसम्म १८ महिना नाँघ्ने मुद्दा संख्या ४३६ थान रहेको देखियो। अन्य अदालतहरूमा आगामी असार मसान्तसम्म १८ महिना नाघ्ने मुद्दाहरूको अवस्था निम्नबमोजिम रहेको देखियो:

**२०८२ असार मसान्तसम्म १८ महिना नाँघ्ने मुद्दाको विवरण**

| अदालतको | २०८२ आषाढ मसान्तसम्म १८ महिना नाघ्ने | पुष मसान्तसम्मको फछ्यौंट | बाँकी संख्या |
|---|---|---|---|
| उच्च अदालत पाटन | १३५७ | ९२१ | ४३६ |
| उच्च अदालत पाटन, हेटौडा इजलास | २२ | ० | २२ |
| काठमाडौं जिल्ला अदालत | ११२३२ | २४५३ | ८७७९ |
| ललितपुर जिल्ला अदालत | १८७६ | ७५२ | ११२४ |
| भक्तपुर जिल्ला अदालत | १२९८ | ३८१ | ९१७ |
| काभ्रेपलाञ्चोक जिल्ला अदालत | ५६८ | २७३ | २९५ |
| सिन्धुपाल्चोक जिल्ला अदालत | ४८ | ३५ | १३ |
| धादिङ जिल्ला अदालत | २०१ | १२० | ८१ |
| रसुवा जिल्ला अदालत | १ | ० | १ |
| नुवाकोट जिल्ला अदालत | ३८ | २९ | ९ |
| सिन्धुली जिल्ला अदालत | ३९७ | १८६ | २११ |

| | | | |
|---|---|---|---|
| दोलखा जिल्ला अदालत | ६३ | ४० | २३ |
| चितवन जिल्ला अदालत | ७७५ | ३९१ | ३८४ |
| मकवानपुर जिल्ला अदालत | १८९ | ९२ | ९७ |
| रामेछाप जिल्ला अदालत | २१ | २ | १९ |

अर्धवार्षिक समीक्षाका क्रममा यस अदालत, उच्च अदालत पाटन हेटौंडा इजलास तथा मातहतका जिल्ला अदालतहरूको मासिक लक्ष्य र प्रगतिको अवस्थाको समीक्षा समेत गरियो। सो क्रममा सबै अदालतहरूको भौतिक पूर्वाधार, जनशक्तिको अवस्था, कार्यबोझको स्थितिसमेतका बारेमा छलफल गरिएको थियो।

समीक्षाका क्रममा मेलमिलापसम्बन्धी विवरणसमेत प्रस्तुत गरिएको थियो। यस अदालतको मेलमिलाप शाखामा जम्मा ४७५ थान लगत रहेकोमा हालसम्म ३०.९८% मुद्दामा मेलमिलाप प्रक्रिया सफल भएको पाइयो। त्यस्तै निवेदन प्रतिवेदनतर्फ जम्मा लगतको ८२.९७% फछ्र्यौट भएको देखियो। यस अदालत, उच्च अदालत पाटन हेटौंडा इजलास तथा मातहतका जिल्ला अदालतहरूको मेलमिलापसम्बन्धी तथ्याङ्क निम्नबमोजिम रहेको पाइयो:

| अदालत | मेलमिलापमा पठाउने मुद्दाको वार्षिक लक्ष्य | पुष मसान्तसम्मको लक्ष्य | पुष मसान्तसम्म मेलमिलापमा पठाएको संख्या | पुष मसान्तसम्म मेलमिलाप भएको संख्या | मेलमिलापको प्रकृयामा रहेका संख्या | मेलमिलाप हुन नसकी फिर्ता भएको संख्या |
|---|---|---|---|---|---|---|
| उच्च अदालत पाटन | २४५४ | १२२७ | ४७५ | ५७(३०.९८) | १०८ | ३१० |
| उच्च अदालत पाटन, हेटौडा इजलास | ४४८ | २२४ | २७ | १(८.६९) | ४ | २२ |
| काठमाडौं जिल्ला अदालत | ७८१२ | ३४९८ | १४७५ | १२९(२८.५७) | ५७२ | ७७४ |
| ललितपुर जिल्ला अदालत | २०४८ | १०२४ | ५४८ | ६६(२८.६९) | ८८ | ३९४ |
| भक्तपुर जिल्ला अदालत | २०८१ | ५२० | ६४४ | ७५(२७.१७) | ९२ | ४७७ |
| काभ्रेपलाञ्चोक जिल्ला अदालत | ३०३४ | १५१७ | १५१ | २९(५०) | ३५ | ८७ |
| सिन्धुपाल्चोक जिल्ला अदालत | ३२० | १६० | ७२ | १३(६५) | ३२ | २७ |
| धादिङ जिल्ला अदालत | ३५० | १७५ | ७० | ४(१२.६९) | ७ | ५९ |
| रसुवा जिल्ला अदालत | ० | ० | ३ | ०(०) | १ | २ |
| नुवाकोट जिल्ला अदालत | ४०५ | २०३ | ४९ | ८(३८.०९) | ७ | ३४ |
| सिन्धुली जिल्ला अदालत | ४४२ | २२१ | ७२ | ४(२२.२२) | ३६ | ३२ |
| दोलखा जिल्ला अदालत | २०६ | १०३ | ५० | ४(२१.०५) | १२ | ३४ |
| चितवन जिल्ला अदालत | १७१९ | ४३० | ९०० | १४९(४०.७७) | १६९ | ५८२ |
| मकवानपुर जिल्ला अदालत | १५८० | ७९० | १३२ | १७(३५.७९) | ३७ | ७८ |
| रामेछाप जिल्ला अदालत | १५६ | ७८ | ५२ | १०(४७.६२) | १० | ३२ |

उच्च अदालत पाटनमा समीक्षा अवधिमा फरक मुद्दा व्यवस्थापन प्रणाली (DCM) अन्तर्गत सरल मार्गका ४,८६० थान, सामान्य मार्गका १०८ थान मुद्दा फैसला भएको पाइयो। DCM प्रणाली अन्तर्गत दोस्रो चौमासिकलाई लगत सरेका मुद्दाको संख्यामध्ये सरल मार्गमा ५,९२४ थान र सामान्य मार्गमा ८१ थान मुद्दा रहेका छन्।

उच्च अदालत पाटनमा मुद्दातर्फ सबैभन्दा पुरानो मुद्दा मिति ०७८-FJ-००७१ मिति २०७८/०८/०१ मा दर्ता भएको राजस्व चुहावटसम्बन्धी मुद्दा बाँकी रहेको छ भने निवेदन प्रतिवेदनतर्फ मिति २०८१/०३/१३ मा दर्ता भएको प्रतिवेदन नं ०८०-RE-२४९४ को मुद्दाको प्रतिवेदन बाकी रहेको छ र रिटतर्फ रिट निवेदन नं ०८०-WO-११९९ मिति २०८०/१०/०४ मा दर्ता भएको उत्प्रेषणको रिट निवेदन बाँकी रहेको देखिन्छ।

यस अदालतका माननीय न्यायाधीश श्री श्यामकुमार भट्टराईले उपस्थित प्रमुख अतिथि, अतिथि तथा सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उदेश्य माथि संक्षिप्तरुपमा प्रकाश पारेपश्चात सुरुवात भएको उक्त कार्यक्रममा यस अदालतका रजिष्ट्रार श्री श्रीलाल पौडेलले यस अदालत, हेटौडा इजलास तथा मातहतका अदालतहरुसमेतको लक्ष्य र प्रगति समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्र प्रस्तुत भएपश्चात सो कार्यपत्रसमेतमा भएको छलफल सत्रमा उच्च अदालत पाटन, हेटौंडा इजलासमा मुख्य भई काम गर्ने माननीय न्यायाधीश श्री यमुना भट्टराईले लक्ष्य अनुरूप कार्य सम्पादन गर्न कर्मचारी तथा न्यायाधीशहरूको ऐक्यबद्धता रहनुपर्ने बताउनुभयो। यसैगरी मातहतका जिल्ला अदालतका माननीय न्यायाधीशहरुले न्यायाधीशको संख्यामा वृद्धि भएतापनि कर्मचारीको संख्या एकदमै कम रहेकोले न्यायसम्पादनमा समस्या रहेको, भौतिक पूर्वाधारको अभाव रहेकोले अभिलेख व्यवस्थापनसमेतमा कठिनाई भएको, कम्प्युटर उपकरणहरूको अभाव रहेको, सरूवा प्रणाली व्यवस्थित बन्न नसकेका कारण कुनै अदालतमा अत्याधिक कर्मचारी हुने तथा काम बढी भएका अदालतहरूमा कर्मचारीको पदपूर्ति न्यून रहेको जस्ता प्रमुख समस्याहरू प्रस्तुत गर्नुभएको थियो।

समीक्षामा छलफलका क्रममा उठेका विषयवस्तुहरूलाई सम्बोधन गर्ने क्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीश एवं अनुसन्धान तथा योजना समितिका सदस्य श्री टेकप्रसाद ढुङ्गानाले समग्र न्यायपालिकाको अर्धवार्षिक अवस्था गतवर्षहरूमा भन्दा प्रगतिउन्मुख रहेको र यस कार्यका लागि सम्बन्धित सरोकारवालाहरुलाई धन्यवाद दिदै विवाद समाधानमा मेलमिलाप कार्यलाई प्राथमिकता दिनुपर्ने तथा छलफलका क्रममा उठेको प्रतिवादीका नाममा राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गर्दैमा प्रतिवादीको वतन सही हुने कि नहुने? भन्ने प्रश्नको जवाफ दिने क्रममा अदालत अनिर्णयको बन्दी बन्नुभन्दा आलोचना सहनु ठीक हो भन्दै मुद्दाको प्रक्रियालाई सरलीकरण गर्न राष्ट्रिय दैनिक पत्रिकामा

म्याद/सूचना प्रकाशन गर्ने गरिएको हो भनी यसलाई सहजीकरणका रूपमा लिनुपर्ने कुरामा जोड दिनुभयो।

यसैगरी सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश एवं अनुसन्धान तथा योजना समितिका अध्यक्ष श्री सपना प्रधान मल्लले योजना कार्यान्वयन गर्न नसक्नु न्यायको पहुँचको बाटो रोकिनु हो भन्दै Adaptive Leadership प्रदर्शन गर्न निर्देशन दिनुभयो। उहाँले ढिलो न्याय दिनु अन्याय गर्नु हो भन्ने कुरालाई स्मरण गराउँदै न्यायको औचित्य सकिएपछि फैसला गरेर लगतको गणना गर्ने वर्तमान अभ्यासलाई चिर्नुपर्ने कुरालाई जोड दिनुभयो। उहाँले संविधानले परिकल्पना गरेको क्षतिपूर्तिसहितको न्यायलाई कार्यान्वयन गर्न अन्तरिम क्षतिपूर्ति तथा अन्तिम क्षतिपूर्ति उपलब्ध गराउन अदालतहरूले तत्परता देखाउनुपर्ने विषयमा समेत निर्देशन दिनुभएको थियो। साथै न्यायमा सहज पहुँचका लागि वैतनिक वकीलहरूको संख्यामा वृद्धि गर्दै निःशुल्क कानूनी सहायता (प्रो-बोनो) सेवालाई प्राथमिकताका साथ कार्यान्वयनमा लैजान समेत निर्देशन दिनुभयो। मुद्दाको फछ्र्यौट गर्न विधिविज्ञान प्रयोगशालाबाट परीक्षण प्रतिवेदन समयमा प्राप्त नहुने समस्याको निराकरण गर्न विधिविज्ञान प्रयोगशालासँग छलफल भइरहेको र छिट्टै यसको समाधान निस्कने जानकारीसमेत गराउनु भएको थियो। प्रमुख अतिथि मल्लले उच्च अदालत पाटनले प्रकाशन गर्न शुरूवात गरेको इ-बुलेटिन र फैसला संग्रह प्रकाशनबाट सूचना तथा जानकारीहरू आदानप्रदान गर्न सहयोग पुगेको भन्दै सो कार्यको उच्च प्रशंसासमेत गर्नुभयो।

कार्यक्रममा समापन मन्तव्य राख्दै यस अदालतका माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीशहरुले दिनु भएको निर्देशनले कार्यसम्पादनमा सहजता हुने र सो निर्देशन कार्यान्वयन गर्नका लागि आफूले सहजिकरण गर्ने बताउनुभयो। यसैगरी छलफलका क्रममा महत्वपूर्ण कुराहरू प्रस्तुत भएका र आगामी दिनमा अझ चुस्त रूपमा कार्यसम्पादन गर्न यो समीक्षाले उर्जा प्रदान गरेको भन्दै समीक्षा कार्यक्रममा उपस्थित हुनुभएकोमा सम्पूर्णलाई धन्यवाद प्रदान गरी कार्यक्रमको समापन गर्नुभयो।

## चालु आ.ब को अन्त्यसम्म १८ महिना पुग्ने मुद्दाको अवस्था

यस अदालतमा चालु आ.ब को अन्त्यमा अर्थात मिति २०८२ असार मसान्तसम्म १८ महिना पुग्ने मुद्दाको संख्या मिति २०८१ माघ मसान्तसम्म ३६१ थान रहेका छन। अघिल्लो महिनामा यस्तो मुद्दाको संख्या ४३६ थान रहेको थियो। यस अदालतको बार्षिक कार्ययोजनाले चालु आ.व. भित्र १८ महिना पुग्ने मुद्दाको फछ्र्यौट लाई शून्यमा झार्ने लक्ष्य लिएको छ।

## अर्धवार्षिक समीक्षा कार्यक्रमको मुख्य मुख्य झलकहरु











## नेपालमा बीमा कार्यक्रम र हालको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न



उच्च अदालत पाटनको आयोजनामा मिति २०८१।१०।११ गते नेपालमा **बीमा सम्बन्धी अवधारणा र अभ्यासः** विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो।

उच्च अदालत पाटनका माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा उच्च अदालत पाटनका माननीय न्यायाधीशहरु एवम् रजिष्ट्रारसहितका अन्य कर्मचारीहरु, बीमा प्राधिकरणका अध्यक्ष श्री मदन दाहाल सहितका अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो। सो कार्यक्रममा बीमा प्राधिकरणका उपनिर्देशकद्वय श्री साम्बराज लामिछाने र श्री विरोध भट्टले नेपालमा वीमाका सम्वद्ध क्षेत्र, वीमा प्राधिकरणका कार्यहरु, वीमाका आधारभूत सिद्धान्तहरु, वीमा दावी सम्बन्धी कानूनी व्यवस्थाहरुसमेतका विषय समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यपत्रको प्रस्तुततिसँगै सहभागीहरु तथा बीमा प्राधिकरणका कर्मचारीहरु बीचमा बीमाको अवधारणा, नेपालमा बीमा कार्यक्रम र हालको अवस्था, प्राधिकरणले गरेका न्यायिक निर्णयउपर पुनरावेदनको रोहमा यस अदालतमा दायर भएका मुद्दाको अवस्था, प्राधिकरणले गर्ने न्यायिक कामकारवाहीलाई थप प्रभावकारी बनाउने उपायसमेतका विषयमा छलफल भएको थियो। छलफल भएपश्चात माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले वीमाका सम्बन्धमा भएका समस्याहरु नीतिगत तहबाटै सम्बोधन गर्न पहल गर्नुपर्ने, प्राधिकरणबाट निर्णय भएका मुद्दा उपर पुनरावेदनको रोहमा यस अदालतमा पेश भएका मुद्दाको अवस्था हेर्दा प्राधिकरणको न्यायिक क्षमता राम्रो रहेको देखिएको, आगामी दिनमा समेत उक्त कार्य निरन्तर रहने आशा व्यक्त गर्नुभएको थियो। अन्त्यमा उपस्थित सहभागीहरु र उक्त कार्यक्रम सहजीकरणको लागि बीमा प्राधिकरणपलाई धन्यवाद ज्ञापन गर्दै सो कार्यक्रम समापन गर्नुभएको थियो। कार्यक्रमको व्यवस्थापनमा बीमा प्राविधरणले सहयोग गरेको थियो।

## अध्यादेशको वारेमा छलफल



मिति २०८१।१०।९ र १० गते यस अदालतमा नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भई राष्ट्रपतिबाट विभिन्न मितिमा हालसालै लालमोहर लागेका अध्यादेशहरुमा संसोधन भएका व्यवस्थाहरुको वारेमा छलफल भएको थियो। माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरसमेतको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा यस अदालतका सम्पूर्ण माननीय न्यायाधीशहरुको सहभागीता रहेको थियो। माननीय न्यायाधीश श्री कैलाशप्रसाद सुवेदीले अध्यादेशमार्फत संसोधन भएका न्यायिक कार्यसँग सम्बन्धित व्यवस्थाको वारेमा जानकारी गराउनुभएको थियो।

## मासिक समीक्षा कार्यक्रम सम्पन्न



उच्च अदालत पाटनको वार्षिक कार्ययोजनाले पुष महिनामा कुल १०६० थान मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा कुल १००८ थान मुद्दा फछ्र्यौट भएको थियो। यस अदालतका सम्पूर्ण न्यायाधीश, रजिष्ट्रार तथा अन्य कर्मचारीहरुसमेतको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा पुष महिनामा सवैभन्दा बढी १२७ थान मुद्दा फैसला गर्नुहुने माननीय न्यायाधीश श्री टंकप्रसाद गुरुङलाई माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले खादा लगाएर सम्मानसमेत गर्नुभएको थियो।

# न्याय सम्पादन कार्यमा अपनाउने रणनीतिको बारेमा छलफल



मिति २०८१।१०।२१ गते मातहतका अदालतमध्ये सबभन्दा बढी मुद्दाको चाप रहेको काठमाण्डौ जिल्ला अदालतसँग न्यायसम्पादनका विषयमा छलफल भएको थियो। माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरको अध्यक्षतामा सम्पन्न भएको सो छलफलमा यस अदालतका वरिष्ठतम् न्यायाधीश श्री लेखनाथ पौडेल, रजिष्ट्रार श्री श्रीलाल पौडेल, काठमाण्डौ जिल्ला अदालतका प्रमुख भई काम गर्नुहुने माननीय न्यायाधीश श्री कमलप्रसाद पोखरेल, श्रेष्तेदार, फैसला कार्यान्वयन अधिकारी, यस अदालतका उपरजिष्ट्रार तथा अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो। सो क्रममा उच्च अदालतबाट तामेल गर्न भनी पठाएको म्याद यथासक्य छिटो तामेल गरी पठाउने, माग भएका शुरु मिसिल तोकिएको समयमा पठाउने, सो अदालतमा भएका मुद्दा निरीक्षण गर्न आवश्यकतानुसार समूह बनाउने र उक्त कार्यमा यस अदालतबाट सहयोग समन्वय गर्ने समेतका विषयमा छलफल भएको थियो।

सो छलफलमा वरिष्ठतम माननीय न्यायाधीश श्री लेखनाथ पौडेलले भएका कर्मचारीहरुलाई अधिकतम् उपयोग गरी लक्ष्य हासिल गर्न प्रयत्नशील भएर लाग्न आग्रह गर्नुभएको थियो। माननीय कायम मुकायम मुख्य न्यायाधीश श्री लालबहादुर कुँवरले यस अदालतबाट पठाएका म्याद तामेल गर्ने, शुरु मिसिल यस अदालतमा पठाउने, सो अदालतमा अभिलेख व्यवस्थापन गर्ने सम्बन्धमा समस्या देखिएको हुँदा विशेष अभियान सञ्चालन गरी सोसमेतका तोकिएको लक्ष्य प्राप्त गर्न प्रयास गरिरहनु पर्ने र सो कार्यमा आवश्यक परे यस अदालतबाट सहयोग हुने भनी निर्देशन दिनु हुँदै बैठकलाई समापन गर्नुभएको थियो।

# सुपरिवेक्षकहरुसमेतसँग छलफल



मिति २०८१।१०।२४ गते यस अदालतका उपरजिष्ट्रार तथा सबै फाँटका सुपरिवेक्षकहरूसमेतसँग मुद्दा व्यवस्थापनसमेतका समग्र विषयमा छलफल भयो। रजिष्ट्रार श्री श्रीलाल पौडेलको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा उपरजिष्ट्रारहरु तथा सबै फाँटका सुपरिवेक्षक समेतका कर्मचारीहरुको सहभागिता रहेको थियो। सो क्रममा प्रत्येक फाँटमा रहेका आगामी असार मसान्तसम्म १८ महिना अवधि पुग्ने मुद्दाको संख्या तथा उक्त मुद्दाहरुको हालको अवस्थासँग सम्बन्धित भई छलफल भएको थियो। सो छलफलमा सहभागी हुनुभएका फाँटका सुपरिवेक्षकहरुले आफ्नो फाँटको मुद्दाको लगतसमेतको अवस्थाको जानकारी गराउदै पुराना मुद्दा फछ्र्यौटमा आफूले गरेका प्रयासका सम्बन्धमा जानकारी गराउनुभएको थियो।

छलफलमा उठेका जिज्ञासाहरूलाई सम्वोधन गर्ने क्रममा रजिष्ट्रार पौडेलले हालसम्मको प्रगति हासिल गर्न गरेका कार्यहरुप्रति धन्यवाद ज्ञापन गर्दै आगामी असार मसान्तसम्म १८ महिना अवधि पुग्ने मुद्दाहरु शून्यमा झार्ने न्यायापालिकाको चालु रणनितिक योजना तथा यस अदालतको बार्षिक कार्ययोजनाको लक्ष्य रहेको, उक्त लक्ष्य पूरा गर्न सबैको सामुहिक प्रयासबाट मात्र सम्भव हुने भएको र सो कार्यका लागि आगामी असार मसान्तमा १८ महिना पुग्ने मुद्दामा प्रत्यर्थी झिकाउने आदेश भई म्याद तामेल गराउनुपर्ने अवस्था आएमा यसै अदालतका तामेलदारबाट म्याद तामेल गराउन, परीक्षण प्रतिवेदन नआएर पुराना मुद्दा पेशी जान नसकेको अवस्था आएमा त्यस्ता मुद्दाको सूची तयार गरी उपलब्ध गराउन, शुरु मिसिल सम्बन्धित अदालतबाट समयमा झिकाउन आबश्यक पहल गर्न, यस अदालतबाट शुरु अदालतमा पठाइएका म्यादहरु तामेल भए नभएको जानकारी लिई नभएको भए गराउन प्रयास गर्नेसमेतका न्याय सम्पादनका विषयमा निर्देशन दिदै उक्त छलफल कार्यक्रमको समापन गर्नुभएको थियो।

## बीमा सम्बन्धी अवधारणा र अभ्यास

साम्बराज लामिछाने, उपनिर्देशक
विरोध भट्ट, उपनिर्देशक
नेपाल बीमा प्राधिकरण, काठमाण्डौ

**बीमा प्राधिकरण स्थापनाका उद्देश्यहरु**

बीमा कार्यलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाउने, सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बीमा सेवा उपलब्ध गराउने, बीमा व्यवसायको प्रभावकारी नियमन गर्ने, बीमितको हक हित संरक्षण गर्ने आदि यसका प्रमुख उद्देश्य रहेका छन।

**बीमा सम्बद्ध क्षेत्रहरुः**

नेपालमा बिमा कम्पनीहरु, बीमा मध्यस्थकर्ताहरु तथा सर्भेयरहरु बीमासँग सम्बन्धित क्षेत्रहरु रहेका छन। यसमध्ये बीमा कम्पनीहरुमा जीवन बीमा कम्पनीहरु -१४ वटा, निर्जीवन बिमा कम्पनीहरु -१४ वटा, पुनर्बीमा कम्पनीहरु -२ वटा तथा लघुबीमा कम्पनीहरु -७ वटा रहेका छन। बीमा मध्यस्थकर्ताहरुमा पुनर्बीमा दलालहरु-१६ वटा तथा अभिकर्ताहरु रहेका छन, जम्मा १,९४,२१६ अभिकर्ताहरु रहेकोमा ११७ संस्थागत अभिकर्ताहरु रहेका छन। सर्भेयरहरु ११९७ रहेको पाइन्छ।

**प्राधिकरणका कार्यहरुः**

**नियमनकारी कार्यः** राष्ट्रिय बीमा सम्बन्धी नीति तर्जुमा, बीमा सम्बन्धमा नेपाल सरकारको सल्लाहकार भई कार्य गर्ने, बीमा कम्पनीको स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने, इजाजतपत्र प्रदान गर्ने तथा खारेजी गर्ने, विनियम, निर्देशिका, मार्गदर्शन तथा आदेश जारी गर्ने, बीमा मध्यस्थकर्तालाई इजाजतपत्र प्रदान गर्ने, नवीकरण तथा खारेजी गर्ने, बीमित हित संरक्षण नीति तय गर्ने तथा कार्यान्वयन गर्ने आदि यसका प्रमुख कार्यहरु हुन।

**सुपरिवेक्षकीय कार्यः** पूँजी तथा पूँजीकोष निर्धारण गर्ने, बीमा व्यवसायको जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने, लेखापालन तथा लेखा प्रणालीको निरीक्षण गर्ने, आवधिक तथा आकस्मिक, स्थलगत र गैरस्थलगत निरीक्षण कार्य गर्ने, जरिवाना तथा कारवाहीको सिफारीस गर्ने आदि।

**बीमा विकाससम्बन्धी कार्यः** बीमा व्यवसायलाई प्रतिस्पर्धी तथा विश्वसनीय बनाउन कार्यक्रम तथा कार्यान्वयन गर्ने, दक्ष जनशक्ति उत्पादनमा अध्ययन, अनुसन्धान गर्ने, बीमालेख निर्माण गर्ने, बीमाको पहुँचसमेतका लागि तालीम लगायतका कार्यक्रम सञ्चालन गर्ने, अन्तराष्ट्रिय अभ्यास, गोष्ठी, सेमीनार, सम्मेलन गर्ने, सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गर्ने, बीमित हित संरक्षण कोषको सञ्चालन गर्ने आदि।

**अर्धन्यायिक तथा उजुरी व्यवस्थापनसम्बन्धी कार्यः** बीमितले दिएको उजुरी उपर आदेश गर्ने, प्रमाण बुझ्ने, जाँच्ने, लिखित जवाफ माग गर्ने निर्णय गर्ने, बीमित, बीमक तथा मध्यस्थकर्ता बीचको विवादमा मध्यस्थता तथा मेलमिलापको कार्य गर्ने गराउने, भएका निर्णयहरु कार्यान्वयन गराउने तथा पुनरावेदन व्यवस्थापन गर्ने आदि

**बीमा विवादको सिर्जना**

बीमकले बीमालेख दावी भुक्तानी नगरेमा, तोकिएको अवधि भित्र दायित्व निर्धारण नगरेमा वा मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा बीमामा विवादको सिर्जना भएको अवस्था उत्पन्न हुन्छ। (बीमा ऐन २०७९ दफा १२८), क्षतिपूर्ति सम्बन्धमा, बीमक, संचालक, पदाधिकारी, बीमकको कर्मचारी, बीमा मध्यस्थकर्ताले बीमितको हकहित विरुद्ध कुनै काम गरी नोक्सान पुर्याएमा त्यसको क्षतिपूर्ति बीमकले बुझाउनु पर्ने सम्बन्धी विवाद। (बीमा ऐन २०७९ दफा १२९), बीमा बिवाद सम्बन्धमा बीमितले बीमा प्राधिकरणमा उजूरी गर्न सक्ने कानूनी व्यबस्था रहेको। बीमा ऐन २०७९ दफा १२८, बीमा नियमावली २०४९ नियम ३३

**बीमाका आधारभूत सिद्धान्तहरुः**

परम सद्बिश्वास (Utmost Good Faith), बीमायोग्य हित (Insurable Interest), क्षतिपूर्ति (Indemnity), प्रत्याशन (Subrogation), योगदान (Contribution), निकटतम कारण (Proximate Cause) बीमाका प्रचलित सिद्धान्तहरु हुन। यी सिद्धान्तलाई छुट्टाछुट्टै व्याख्या गर्दा,

**परम सद्बिश्वास (Utmost Good Faith) को सिद्धान्त अन्तर्गतः**

बीमाको करार परम सद्बिश्वासको करार हो (Uberrima fidei)। बीमा गर्ने गराउने पक्षहरुले एक अर्कालाई सूचनाहरु खुलस्त बताउनु पर्छ। बीमा लिने पक्षलाई बीमाको बारेमा जानकारी हुनुपर्छ। बीमाको लागि प्रस्तावित बिषयबस्तुको सूचनाको आधारमा बीमा कम्पनीले बीमाको प्रस्ताव स्वीकार गर्ने कि नगर्ने भनी निर्णय गर्छ। Example – Mr.X took a health insurance policy. At the time of taking insurance, he was a smoker and failed to disclose this fact. Later, he got cancer. In such a situation, the Insurance company will not be liable to bear the financial burden as Jacob concealed important facts. Landmark Case: Carter Vs. Boehm (England)

**प्रत्याशन (Subrogation)को सिद्धान्त अन्तर्गतः**

बीमा दावी भुक्तानी पछि बीमा गरेको सम्पत्ति माथिको अधिकार बीमकमा रहने प्रकृया प्रत्यासन हो।बीमितले सम्पत्तिमा आर्थिक लाभ पाउने कुनै पनि अवस्था/वारेन्टी/सोधभर्ना आदिमा बीमकको अधिकार हुन्छ। Example – If Mr. A gets injured in a road accident, due to reckless driving of a third party, the company with which Mr A took the accidental insurance will compensate the loss occurred to Mr. A and

will also sue the third party to recover the money paid as claim. Landmark Case: John Edwards and Co. V. Motor Union Insurance Co. Ltd. (1922)

**योगदानको (Contribution) को सिद्धान्त अन्तर्गतः**

योगदान भन्नाले बीमा कम्पनीले दावी तिर्ने अवस्थामा अन्य बीमा कम्पनीमा समान अर्को पनि बीमा भएमा दावीको समानूपातिक अंश मात्र तिर्ने अवस्था हो। बीमितसँग एउटै सम्पत्तिको लागि दुई वा बढी बीमा भएको अवस्थामा सबै बीमा कम्पनीहरुबाट दावी प्राप्त गरेमा दावीको कारणबाट नाफा हुन जान्छ। योगदानको सिद्धान्तले गर्दा बीमितले क्षति भन्दा बढीको दावी प्राप्त गर्न सक्दैन ।Example – A property worth Rs. 5 Lakhs is insured with Company A for Rs. 3 lakhs and with company B for Rs.1 lakhs. The owner in case of damage to the property for 3 lakhs can claim the full amount from Company A but then he cannot claim any amount from Company B. Now, Company A can claim the proportional amount reimbursed value from Company B.Landmark case: Commercial Union Assurance Co. Ltd. v. Hayden (English Court of Appeal in 1977)

**निकटतम कारण (Proximate Cause) को सिद्धान्तअन्तर्गतः**

क्षतिको निकटतम् कारण बीमा गरिएको बिपदा भएमा मात्र बीमालेख अन्तर्गत दावी मान्य हुन्छ। बीमा गरिएको बिपदाहरु बीमालेखमा स्पष्ट उल्लेख गरिएका हुन्छन र बीमित बिपदाबाट क्षति भएमा मात्र बीमा कम्पनीको दायित्व सिर्जना हुन्छ ।

Example – Due to fire, a wall of a building was damaged, and the municipal authority ordered it to be demolished. While demolition the adjoining building was damaged. The owner of the adjoining building claimed the loss under the fire policy. The court held that fire is the nearest cause of loss to the adjoining building, and the claim is payable as the falling of the wall is an inevitable result of the fire. In the same example, the wall of the building damaged due to fire, fell down due to storm before it could be repaired and damaged an adjoining building. The owner of the adjoining building claimed the loss under the fire policy. In this case, the fire was a remote cause, and the storm was the proximate cause; hence the claim is not payable under the fire policy. Landmark case: Leyland Shipping v Norwich Union [1918]England The insured ship was awaiting a pilot the outside boat when she was hit by a torpedo causing the hatch to be filled with water. A storm arose and the port authority fairing of the ship sinking ordered her to be anchored outside harbour and because of weather condition the ship got damaged by sinking and cause lost. Proximate Cause was Torpedo not the storm.

**बीमा दावी सम्बन्धी कानूनी व्यवस्था**

- बीमा ऐन, २०७९
- बीमा नियमावली, २०४९
- दावी भुक्तानी मार्गदर्शन, २०७६
- बीमा प्राधिकरणबाट जारी निर्देशिकाहरु
- बीमा प्राधिकरणबाट स्वीकृत बीमा करारहरु
- अन्तराष्ट्रिय अभ्यास र प्रचलन

यसमध्ये बीमा ऐन तथा नियमावलीमा भएका मुख्य मुख्य कानूनी व्यवस्थाहरु निम्नानुसार रहेका छनः

**बीमा ऐन, २०७९**

बीमा दावी सम्बन्धी व्यवस्था (दफा १२३ तथा दफा १२८ )

- तोकिएको अवधिभित्र बीमा दावी भुक्तानी गर्नुपर्ने ।
- पुनः दायित्व निर्धारण गराउन सक्ने ।
- अन्य उपयुक्त आदेश दिन सक्ने ।
- बीमकले बीमालेखमा उल्लिखित अवधिभित्र दावी भुक्तानी नगरेमा दायित्व निर्धारण नगरेमा वा बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा सम्बन्धित बीमितले प्राधिकरण समक्ष निवेदन दिन सक्ने ।
- प्राधिकरणले उजुरीवाला र बीमकबीच मध्यस्थता (सहमती/छलफल)गरी विवादको समाधान गर्न सक्ने ।
- दावीको क्षति मूल्याङ्कन गर्नुपर्ने भए सो गराई र नगर्नु पर्ने भएमा तोकिएको अवधिभित्र दावी फर्छ्यौट गर्नु पर्ने ।
- अनक्लेम फण्डको व्यवस्था गर्नुपर्ने ।
- फर्छ्यौट हुन नसकेका दावीहरुको विवरण प्राधिकरण समक्ष पेश गर्नुपर्ने ।
- महाविपत्ति लगायतका अन्य संकट आइपरेमा प्राधिकरणले बीमा दावी सम्बन्धी छुट्टै कार्यविधि तयार गरी लागू गर्न सक्ने ।
- तोकिएको सीमा भन्दा सानो रकमको दावी सानो रकमको दावी अन्तर्गत फर्रछ्यौट गर्नुपर्ने।

**बीमा नियमावली, २०४९**

- बीमा नियमावलीको नियम ३२ अन्तर्गत निर्जीवन बीमा दाबी भुक्तानी प्रकृया सम्बन्धि व्यवस्था रहेको ।
- बीमितले बीमा दाबी सम्बन्धि सम्पूर्ण विवरण भरी बीमक समक्ष पेश गर्नुपर्ने ।
- बीमितको दाबी निवेदन उपर बीमकले आवश्यक परेमा तुरुन्त सर्भेयर खटाउनुपर्ने
- खटिएको सर्भेयरले आवश्यक जाँचबुझ गरि पन्ध्र दिनभित्र बीमकको दायित्व निर्धारण गरि प्रतिवेदन पेश गर्नुपर्ने तथा सोको जानकारी बीमितलाई समेत दिनुपर्ने।
- सर्भेयरले प्रतिवेदन पेश गरेको साधारणतया ३५ दिनभित्र बीमकले दायित्व ठहर गरी बीमितलाई दायित्व भुक्तानी गर्नुपर्नेछ ।
- बीमितले प्राधिकरणमा उजुर गर्न सक्ने ।
- प्राधिकरणमामा उजुर पर्न आएमा समितिले सम्बन्धित बीमकलाई पन्ध्र दिनभित्र कारण खुलाई लिखित जवाफ पेश गर्न बीमकलाई आदेश दिने ।

- प्राधिकरणले आवस्यक कागजात प्रमाण माग गर्न आदेश गर्न सक्ने ।
- लिखित जवाफ वा अन्य कागजात वा विवरण पेश हुन नआएमा प्राधिकरणले एकतर्फि निर्णय गर्न सक्ने ।
- पुन: दायित्व निर्धारण गर्न आदेश दिन सक्ने ।

**नेपाल बीमा प्राधिकरण (साविक बीमा समिती) बाट प्रतिपादित तथा केही अन्तराष्ट्रिय नजिरहरु**

- तेस्रो पक्ष बीमा दावी सम्बन्धी प्रतिपादित नजीर ।
- तेस्रो पक्ष दायित्व अन्तर्गत सवारी धनीउपर कारबाही भएका बीमा दावी सम्बन्धी प्रतिपादित नजीर ।
- Air Bag Replacement Case
- Copy बीलबाट दावी भुक्तानी (अन्यथा नभएसम्म) ।
- पोलिसी जारी भईसकेपश्चात बीमाशूल्क ग्रहण गरेको नदेखिएतापनि बीमकको करारीय दायित्व वहन गर्नुपर्ने फैसला ।
- सवारी डिलरबाट सवारी साधनको स्वामित्व ग्रहण तथा स्वामित्व हस्तान्तरण सम्बन्धमा भएको फैसला ।
- AOG Maintenance period बीमा दावी सम्बन्धी नजिर ।
- Ex-gratia /non standard
- बेपत्ता नागरिकका हकमा राज्यको निकायबाट मृत घोषणा भएमा दावी भुक्तानी गर्न मिल्ने ।
- दावीमा बीमकबाट पहिलो प्रतिवेदन अन्तिम प्रतिवेदन पेश भएको अवस्थामा प्राधिकरणको स्विकृती नलिई अर्को प्रतिवेदनको आधारमा दावी भुक्तानी गर्न नमिल्ने । (Doctrine of mechanical decision) (स्वतन्त्र प्रतिवेदन मान्न नमिल्ने)

**नोटः बीमा सम्बन्धी प्रस्तुत जाननकारी यस अदालतको आयोजनामा मिति २०८१।१०।११ गते भएको अन्तर्क्रिया कार्यक्रममा यस अदालतका माननीय कायम मुकायम मुख्य न्यायाधीश तथा अन्य सम्पूर्ण माननीय न्यायाधीशहरुसमतेको उपस्थितिमा बीमा प्राधिकरणका उपनिर्देशकद्वयबाट प्रस्तुत गरिएको कार्यपत्र रहेको छ।**

# स्वतन्त्र न्यायपालिका र नेपालको अवस्था



**लोकचन ढकाल**

**शाखा अधिकृत, उच्च अदालत पाटन**

**पृष्ठभूमी**

नेपालको न्यायिक इतिहास किरातकालीन मुन्धुम, मल्लकालीन न्याय व्यवस्था, लिच्छविकालीन मानव न्यायशास्त्र, राम शाहको न्याय नपाए गोरखा जानु भन्ने भनाई, पृथ्वीनारायण शाहको घुष लिन्या र दिन्या दुबै सत्रु हुन, यिनलाई काट्या पनि पाप लाग्ने छैन भन्ने दिब्योपदेश, मुलुकी ऐन, १९१० समेतमा भएको व्यवस्थाबाट हालको अवस्थासम्म आइपुगेको देखिन्छ। तत्कालीन प्रधानमन्त्री जुद्ध शमशेरले वि.स. १९९७ मा प्रधान न्यायालय स्थापना सम्बन्धी सनद जारी गरेबाट नेपालमा स्वतन्त्र न्यायपालिका सम्बन्धी अवधारणाको शुरुवात भएको पाइन्छ। यद्यपि सो पछि पनि स्वतन्त्र न्यायपालिका व्यवहारमा लागु हुन सकेको देखिदैन। २००४, २००७ सालमा संविधान निर्माण भएपनि स्वतन्त्र न्यायापालिका कागजमै सीमित रहेको देखिन्छ। २००८ सालमा प्रधान न्यायालय ऐन जारी भएपश्चात नेपालमा स्वतन्त्र न्यायपालिका सम्बन्धी अवधारणाको विधिवत/औपचारिक प्रारम्भ भएको पाइन्छ। उक्त ऐनले नै महान दार्शनिक मन्टेस्क्युले प्रतिपादन गरको शक्ति पृथकीकरणको सिद्धान्तलाई आत्मसात गरी न्यायपालिकालाई कार्यपालिकाको छायाबाट मुक्त गरेको देखिन्छ। प्रधान न्यायलय ऐन जारी भएको मितिलाई आधार मानी प्रत्येक बर्ष बैशाख-२६ लाई कानून दिवसको रुपमा मनाउन थालिएको हो, जुन हाल पनि कायमै छ। प्रधान न्यायलय ऐनको दफा ४ मा प्रधान न्यायलयका आदेश तथा फैसलाहरु अकाट्य प्रमाणको रुपमा मान्य हुन्छन, यसले आफ्नो र मातहतको अदालतको अपहेलनामा सजाय गर्ने अख्तियारसमेत राख्छ भन्ने व्यवस्था राखिएबाट सोही समयमा न्यायपालिका स्वतन्त्र र बलियो भएको आभाष पाउन सकिन्छ।

सरकारका अन्य अंगभन्दा न्यायपालिका स्वतन्त्र हुनुपर्दछ भन्ने अवधारणा नै स्वतन्त्र न्यायपालिका हो। न्यायिक स्वतन्त्रता हो। अदालतहरु सरकारका अन्य निकायबाट वा दलीय स्वार्थको अनुचित प्रभाव र दवावको अधीनमा हुनुहुदैन भन्ने यसको मूल मर्म हो। न्यायपालिकाको प्रमुख भूमिका विधिको शासनको रक्षा गर्दै कानूनी सर्वोच्चता सुनिश्चित गर्नु हो। लोकतान्त्रिक शासन व्यवस्थालाई देहको रुपमा लिइन्छ भने त्यसको आत्माको रुपमा स्वतन्त्र न्यायपालिकालाई लिइन्छ। यसले नागरिकका हक अधिकारको रक्षा, संविधानको व्याख्या एवं रक्षा तथा विवादको दीर्घकालीन समाधानसमेत गर्दछ। स्वतन्त्र न्यायपालिका लोकतान्त्रिक संविधानको मूल मर्म हो। लोकतन्त्रमा कुनै सम्झौता गर्न नसकिने विशिष्ट नैतिक मूल्य मान्यताको रुपमा स्वतन्त्र न्यायपालिकालाई लिइन्छ। मौलिक हकको रक्षाको लागि स्वतन्त्र न्यायपालिका अपरिहार्य छ। न्यायक स्वतन्त्रता विना निष्पक्ष न्याय हुदैन, न्यायिक स्वतन्त्रता हुन स्वतन्त्र न्यायपालिका हुनै पर्दछ। यस सँगसँगै कानूनी शासनको प्रवर्द्धन गर्न, मानव अधिकारको संरक्षण गर्न, लोकतन्त्रलाई बलियो बनाउन, संविधानवादलाई सुनिश्चितता प्रदान गर्न, सामाजिक न्याय स्थापना र प्रवर्द्धन गर्न, राज्यप्रति जनताको अपनत्व कायम राख्न, सुशासन प्रवर्द्धन गर्न न्यायपालिकाको महत्व रहन्छ। उल्लेखित कार्य गर्न न्यायपालिकाले कसैको कुनै पनि प्रतिबन्ध, अनुचित प्रभाव, प्रलोभन, दवाव, धम्कीमा परी निर्णय गर्नु हुदैन, यस्तो अवस्थामा नपारी न्यायपालिकालाई स्वतन्त्र ढंगले कार्य गर्न दिनु नै बास्तवमा स्वतन्त्र न्यायपालिका हो। न्यायपालिकालाई स्वतन्त्र रुपमा राख्न विशेषतः **दवाव, प्रभाव र अभावबाट मुक्त** राख्नुपर्दछ। न्यायपालिकालाई न्यायसम्पादनको कार्यमा वाहिरबाट सञ्चार माध्यमसमेतका निकायबाट तथा भित्री रुपमा कार्यपालिका तथा व्यवस्थापिकासमेतबाट कुनै पनि दवाव हुनुहुँदैन। न्यायपालिका वा त्यसमा काम गर्ने विशेषतः न्यायाधीशहरु कोही कसैको प्रभावमा हुनु/पर्नुहुदैन भने न्यायपालिकाले स्रोत साधन विशेषगरी बजेट, कर्मचारी आदिबाट अभाव महसुस गर्नुहुदैन।

२०१० मा विशेश्वरप्रसाद कोइरालालाई काठमाण्डौको चार भञ्याङ बाहिर जान नपाउने गरी काठमाण्डौ सिटी मेजिस्ट्रेटको कार्यालयले गरेको आदेश उपर प्रधान न्यायालयमा उजुरी परेको र सो उपर न्यायलयले उक्त आदेश कानून विपरीत रहेको भनी खारेज गरिदिएको थियो। सो समयमा दरवारबाट आएका कतिपय आदेशको समेत कुनै प्रवाह नगरी निष्पक्ष न्यायको पक्षमा आदेश गर्न सक्ने न्यायलय रहेको थियो। तत्कालीन श्री ५ को सरकारबाट न्यायलयले गरेका फैसला/निर्णयमा हस्तक्षेप गर्न मिल्दैन भनी दरवारलाई पत्र पठाउने कार्य तत्कालीन प्रधान न्याययधीश हरीप्रसाद प्रधानले गरेबाट त्यति वेलाको समयमा न्यायपालिका कति स्वतन्त्र थियो भन्ने प्रष्ट देखिन्छ। सरकार चिल हो, जनता चल्ला हुन भने न्यायलय माउ हो। माउले चल्लाको रक्षा गरेझै सरकारको निरंकुशताबाट जनतालाई बचाउने कार्य न्यायपालिकाले गर्नेछ

र त्यस्तो हुन स्वन्त्र न्यायपालिका अपरिहार्य छ भनी हाम्रो न्यायिक परिपाटीमा स्थापित भनाई अनुसारको भूमिका प्रधानन्यायाधीश हरीप्रसाद प्रधानले निजले निर्वाह गरेको पाइन्छ। त्यस्तै पञ्चायतकालमासमेत कुनै डर नमानी यज्ञमूर्ति बञ्जाडेको वन्दी प्रत्यक्षीकरणको रिटमा माननीय न्यायाधीशहरु नयनबहादुर खत्री र रंगनाथ उप्रेतीले २०२७ सालमा नै ***हाम्रो जस्तो पञ्चायती शासन भएको अवस्थामा नागरिकको पूर्ण स्वतन्त्रता छ, यसको विपरीत अधिनायकवादी शासन व्यवस्था स्वतन्त्रताको मात्रामा फरक हुन्छ, निष्कर्षमा हामी यही भन्न सक्छौं की, प्रजातान्त्रिक व्यवस्थामा स्वतन्त्रताको मात्रा बढी हुने हुनाले कुनै काम कानूनले गर्नु हुँदैन भनेर मनाही गरेको छैन*** भनी नागरिक स्वतन्त्रता र विधिको शासनको पक्षमा साहसिक फैसला गरेको देखिन्छ।

**अवधारणात्मक पक्ष**

न्यायपालिकालाई आफ्नो अधिकार प्रयोगका सम्बन्धमा राज्यका अन्य अंग व्यवस्थापिका र कार्यपालिकाबाट हस्तक्षेप हुनुहुदैन र यसले निष्पक्ष, तटस्थ र विवेकसम्मत रुपमा न्याय निरुपण गर्न सक्नुपर्दछ। राजनीतिक हस्तक्षेपमुक्त न्यायालय भएन भने हाम्रो जिउज्यान, सम्पत्ति, सुरक्षा, प्रजातन्त्र लोकतन्त्र, गणतन्त्र, वातावरण, प्रकृति केही पनि सुरक्षित रहदैन। यस सन्दर्भमा तत्कालीन अमेरिकी राष्ट्रपति एन्ड्रयु ज्याक्सनले भनेका थिए, स्वतन्त्र न्यायलयको अभावमा नागरिकहरुलाई प्राप्त सबै अधिकार पानीका फोकाहरुसरह हुन्छन, जो केही समयपछि आफै फुटेर जान्छन। प्रस्तुत भनाइबाटसमेत न्यायपालिका स्वतन्त्र छैन भने नागरिकका अधिकारहरुले सार्थकता पाउदैनन् भन्ने स्पष्टसँग बुझ्न सकिन्छ।

न्यायलय योग्यतमध्येको योग्यहरुको विवेकद्धारा चल्ने प्रणाली रहेकोमा विवाद छैन। स्वतन्त्र न्यायपालिकाको अवधारणालाई मूर्त रुप दिन न्यायपालिकालाई संवैधानिक स्वतन्त्रता प्रदान गरिनुपर्छ। अदालतको संरचना, काम, कर्तव्य एवं अधिकारको संविधानमै उल्लेख गरिनुपर्दछ। स्वतन्त्र न्यायपालिकाको महत्वपूर्ण संवाहकको रुपमा रहेका न्यायमूर्ति/न्यायाधीशको छनौट, नियुक्ति निश्चित कानूनी मापदण्डको आधारमा हुनुपर्दछ भन्ने स्वतन्त्र न्यायपालिकाको आधारभूत मान्यता हो। न्यायाधीश नियुक्त प्रक्रिया विधि र पद्धतिको आधारमा नभई व्यक्तिगत एवं संस्थागत तजविजिको आधारमा भएमा त्यसले स्वतन्त्र न्यायपालिकालाई थप क्षति पुर्‍याउनेमा विवाद छैन।

यस अवस्थामा सुधारको पहिलो प्रस्थान विन्दु न्यायमूर्ति/न्यायाधीशको नियुक्ति/प्रवेशद्वारको रुपमा रहेको न्यायपपरिषदबाटै गर्नुपर्छ भन्ने विषय बर्षौदेखि उठ्दै आएको देखिन्छ। सो सम्बन्धमा केही अगाडिका संविधानमा भएका मूलभूत व्यवस्था हेर्दा, २०४७ सालको संविधानबाट न्यायाधीश नियुक्तिको लागि

सिफारिस गर्न खडा गरिएको संरचना न्यायपरिषदमा सर्वोच्च अदालतका दुई जना वरिष्ठतम् न्यायाधीशसहित न्यायाधीशहरुको वहुमत भएको सक्षम, सवल न्यायपरिषदको व्यवस्था गरेको देखिन्छ। तर जनआन्दोलनपछि आएको २०६३ सालको नेपालको अन्तरिम संविधानले सर्वोच्च अदालतका २ मध्ये १ मात्र न्यायाधीश न्यायपरिषदमा राखी बार एशोसियसनको सिफारिसमा नियुक्त हुने सदस्य थप गरेर न्यायाधीशलाई अल्पमतमा पर्ने गरी न्यायपरिषदको संरचना तयार पारेको देखिन्छ। संविधानसभाबाट २०७२ सालमा जारी भई हाल कार्यान्वयनमा रहेको संविधानलेसमेत सोही संरचनालाई निरन्तरता दिएको देखिन्छ। यसबाट न्यायपरिषदमा न्यायाधीशभन्दा बाहेकका व्यक्तिहरुको बहुमत रहन गयो र यसले स्वतन्त्र न्यायपालिकाको मर्ममा चुनौती सिर्जना गऱ्यो भन्ने आरोप उक्त संरचनामाथि केही समय अघिदेखि नै लाग्दै आएको छ। हालको संविधान आउनुभन्दा अगाडि सर्वोच्च अदालतमा अस्थाई तथा तत्कालीन पुनरावेदन अदालतमा अतिरिक्त न्यायाधीश नियुक्त गर्ने प्रावधान रहेको र सो प्रावधानको सही प्रयोग हुन नसक्दा न्यायिक स्वतन्त्रतामा त्यसले गम्भीर प्रभाव पारेको विषयलाई मनन् गरी वर्तमान संविधानले अस्थायी र अतिरिक्त न्यायाधीशको व्यवस्था हटाएको छ।

**संवैधानिक व्यवस्था**

हालको संविधानले स्वतन्त्र न्यायपालिकालाई प्रबर्द्धन गर्न धेरै व्यवस्था गरेको देखिन आउछ। त्यस्ता केही व्यवस्थाहरुको चर्चा गर्नु सान्दर्भिक देखिन्छः संविधानको प्रस्तावनामा नै स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायापालिका, कानूनी शासन, शक्ति पृथकीकरण, मानबअधिकारको संरक्षणप्रति प्रतिवद्धता जनाइएको दखिन्छ। धारा १२६ मा न्यायसम्बन्धी अधिकार अदालतबाट मात्र प्रयोग हुने व्यवस्था गरी स्वतन्त्र न्यायपालिकाको संवैधानिक प्रत्याभूति गरिएको छ। यसैगरी धारा १२८ मा मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिवादन गरेको कानूनी सिद्धान्त सबैले पालना गर्नुपर्नेछ, सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवरोध गरेमा कानूनबमोजिम अवहेलनामा कारवाही चलाई सजाय गर्न सक्नेछ भनी स्वतन्त्र न्यायपालिकालाई थप संवैधानिक प्रत्याभूति दिएको देखिन्छ। अदालतको अवहेलना गरेको भनी कान्तिपुर राष्ट्रिय दैनिक तथा एक प्रतिष्ठित टेलिभिजनबाट प्रसारित हुने कार्यक्रम सिधा कुरा जनतासँग नामको कार्यक्रमबाट अवहेलना भएको विषयमा सजाय भएको अवस्थासमेत छ। अवहेलनामा सजाय गर्ने अधिकार सबै तहका अदालतसमेतलाई रहेको देखिन्छ। सोही भागमा न्यायाधीशको नियुक्त, सेवा सर्त र सुविधाको प्रवन्धसमेत गरेको पाइन्छ। धारा १३२ मा न्यायाधीशलाई न्यायाधीशको पदमा बाहेक अन्य काममा नलागाइने भन्ने व्यवस्था गरिएको छ, सोही व्यवस्था तल्लो तहका अदालतसमेतमा रहेको देखिन्छ।

धारा १३३ मा न्यायिक पुनरावलोकनकोसहित असाधारण अधिकारक्षेत्र सर्वोच्च अदालतलाई प्रदान गरिएको छ भने उच्च अदालतलाईसमेत रिटमार्फत न्यायिक पुरावलोकनको असाधारण अधिकारक्षेत्र प्रदान गरिएको देखिन्छ। धारा १३५ प्रधानन्यायाधीश र सर्वोच्च अदालतका न्यायाधीशले सेवानिवृत्त भएपछि कुनै पनि अड्डा अदालतमा बहस पैरवी, मेलमिलाम वा मध्यस्थतासम्बन्धी कार्य गर्न पाउने छैन भनी उल्लेख गरेको देखिन्छ। धारा १०५ मा अदालतमा विचाराधीन मुद्दाको सम्बन्धमा संसदमा प्रश्न उठाउन नपाइने भनी प्रष्टसँग उल्लेख गरेको पाइन्छ। यसैगरी संवैधानिक परिषद, न्यायपरिषद, न्याय सेवा आयोग जस्ता संरचनाको व्यवस्थाले समेत स्वतन्त्र न्यायपालिका स्थापना र प्रबर्द्धनमा सहयोग/योगदान पुगेको देखिन्छ। अदालतबाट पछिल्लो समयमा आएका ठुला-ठुला फैसलाहरुबाट सर्वसाधारण जनतासमेतले स्वतन्त्र न्यायपालिका छ भन्ने महसुस गरेको पाइन्छ। विघटन भएको संसदको पुनःस्थापना हुने गरी सर्वोच्च अदालतबाट भएको साहसिक फैसलालाई यसको उदाहरणको रुपमा लिन सकिन्छ। यसैगरी सरकारले काठमाण्डौको माइतीघरमा प्रदर्शन गर्न नपाइने भनी निषेधाज्ञा जारी गरेको निर्णय बदर गरी नागरिकको हकको संरक्षण गरेबाट न्यायपालिका नागरिकको हक संरक्षण गर्न स्वतन्त्र छ भन्ने तथ्य देखाइरहेको छ।

**स्वतन्त्र न्यायपालिकाका आधारहरु**

स्वतन्त्र न्यायपालिकाका लागि विशेषतः ३ वटा आधारहरु हुनु जरुरी हुन्छ भन्ने मान्यता राखिन्छ जसमध्ये प्रथम आधारमा **कार्यगत आधार** पर्दछ, यसमा सहकर्मी वा आफूभन्दा माथिल्लो तहको न्यायाधीशबाट तथा कार्यपालिका वा सोसँग सम्बन्धित निकायबाट वा व्यवस्थापिकाबाट कुनै पनि प्रकारको प्रभाव हुनुहुदैन। यस्तै दोस्रो आधारमा **संरचनात्मक आधार** पर्दछ, यसमा न्यायपालिकामा आवश्यक पर्ने जनशक्ति विशेषतः न्यायधीश तथा अन्य कर्मचारीहरु स्वतन्त्र रुपमा नियुक्ति हुनुपर्दछ, न्यायपालिकालाई आवश्यक पर्ने स्रोत साधन सहजरुपमा विनाशर्त उपलब्ध गराइनुपर्दछ। त्यसैगरी **परिस्थितिजन्य आधार**मा न्यायकर्ताको उच्चस्तरको नैतिक आचरण कायम हुनुपर्दछ भन्ने हो।

**स्वतन्त्र न्यायपालिका कायम हुन न्यायकर्ताको लागि निम्न बमोजिमका शर्त हुनु आवश्क देखिन्छः**

- न्यायाधीशको नियुक्ति, सरुवा, बढुवा, अबकाश तथा अन्य सेवा सुविधाको व्यवस्था संविधान र कानूनबमोजिम हुनुपर्दछ।
- न्यायकर्तालाई न्यायिक बाहेक अन्य काममा लगाउनु हुँदैन।
- न्यायकर्ताको सेवा अवधि स्थायी प्रकृतिको रहनुपर्दछ।

- सक्षम, योग्य, उच्च नैतिक चरित्र भएको, व्यवसायिक, प्रशिक्षित, राजनीतिक दलको सदस्य नभएको व्यक्तिलाई न्यायकर्ताको रुपमा छनौट गरिनुपर्दछ।
- न्यायकर्ताको सेवाको सुरक्षा हुनुपर्दछ, उपयुक्त कार्य वातावरणको सिर्जना गरिनुपर्दछ।
- पेशागत गोपनियता हुनुपर्दछ।
- न्यायकर्ताको निलम्वन तथा बर्खास्तीमा निश्चित मापदण्ड रहनुपर्दछ।
- न्यायकर्तालाई अभिव्यक्ति स्वतन्त्रता रहनुपर्दछ।

**यसैगरी न्यायपालिकाको हकमा निम्नबमोजिमका शर्तहरु हुनुपर्दछः**

- न्यायिक स्वतन्त्रताको सुनिश्चितता रहनुपर्दछ।
- सबै प्रकारको हस्तक्षेप, दवाव र प्रभावबाट मुक्त रहनुपर्दछ।
- न्यायलयलाई न्यायिक पुनरावलोकनको अधिकार रहनुपर्दछ।
- अवहेलनामा सजाय गर्ने अधिकार रहनुपर्दछ।
- अदालतमा विचारधीन मुद्दामा संसदमा छलफल गर्न नपाउने व्यवस्था हुनुपर्दछ।
- अदालतबाट भएको फैसलाको पुनरावलोकन अन्य निकायबाट हुनु हुदैन।
- अदालतबाट भएका न्यायिक निर्णयहरुको सम्मान र पालना हुनुपर्दछ।
- कानून र प्रमाणको आधारमा मात्र न्यायपालिकाबाट फैसला हुनुपर्दछ।
- निर्णयमा कुनै व्यक्तिगत स्वार्थ हुनु हुदैन।
- न्यायपालिकामा आर्थिक तथा भौतिक स्रोतसाधन पर्याप्त हुनुपर्दछ।
- न्यायकर्तालाई न्यायिक अनुशासनमा राख्न आवश्यक पर्ने आचारसंहिता तयार गरी निष्पक्ष कार्यान्वयनमा जोड दिनुपर्दछ।

उल्लेखित अधिकांश शर्तहरु नेपालको हाल कार्यान्वयनमा आएको संविधानले अंगिकार गरेको देखिन्छ। संविधानका शब्दहरुमा धेरै स्थानमा स्वतन्त्र र निष्पक्ष न्यायपालिका उल्लेख भएको देखिन्छ, तर संविधानमा वा कुनै कानूनमा उल्लेख हुँदैमा, लिपिबद्ध हुँदैमा न्यायपालिका स्वतन्त्र हुँदैन। यसको व्यावहारिक कार्यान्वयन हुनु जरुरी छ। संविधानमा भएको व्यवस्थाले न्यायपालिकालाई स्वतन्त्र बनाएको छ तर यसको व्यावहारिक कार्यान्वयनको अनुभूति आम नागरिकले गर्न सकिरहेका छैनन् भन्ने सवाल नै प्रमुख समस्या रहेको पाइन्छ।

## स्वतन्त्र न्यायपालिकासँग सम्बन्धित पछिल्ला सवालहरु

- न्यायपरिषदमा न्यायाधीशहरुबाहेकका सदस्यको बहुमत रहेकोले न्यायाधीश नियुक्तिको विषय अक्सर विवादमा पर्ने गरेको छ।
- संवैधानिक परिषदबाट प्रधानन्यायाधीश र न्यायपरिषदबाट न्यायाधीश नियुक्तिको लागि सिफारिसपश्चात संसदीय सुनुवाइ हुने प्रणालीले पनि न्यायिक कार्य सम्पादनमा प्रभाव पर्ने गरेको भन्ने आरोप छ।
- सर्वोच्च अदालतको बार्षिक प्रतिवेदन संसदमा पेश भई छलफल हुन्छ, उक्त प्रतिवेदनउपर संसदले विभन्न सुझावसमेत दिनसक्ने प्रावधान न्यायपालिकाको स्वतन्त्रताको दृष्टिले विचरणीय रहेको छ।
- न्यायसम्पादन प्रक्रियामा हुने प्रक्रियागत ढिलाइले नागरिकले अनेकन शंका गर्न सक्ने अवस्था रहेको छ, यस्तो अवस्था किमार्थ आउन दिनु हुँदैन।
- स्वतन्त्र न्यायपालिका तथा अदालतको गरिमामा आँच आउने गरी सरकारका जिम्मेवार पदाधिकारीबाटसमेत विभिन्न अभिव्यक्तिहरु आउने गरेको सुनिन्छ, यसबाट स्वतन्त्र न्यायपालिकामा आघात परेको पाइन्छ।
- शक्तिपृथकीकरणको सिद्धान्तसँगै विकास भएको सन्तुलन र नियन्त्रणको सिद्धान्तनुसार न्यायाधीशहरु उपर खराव आचरण वा कार्यक्षमताको अभाव रहेको अवस्थामा संसदले महाअभियोग लगाउने संवैधानिक प्रावधान रहेको भएपनि पछिल्ला दिनहरुमा यसलाई राजनीतिक स्वार्थ अनुकूल प्रयोग गरे/भएको भन्ने आरोप व्याप्त रहेकै देखिन्छ।
- स्वतन्त्र न्यायापालिकाका मान्यतालाई प्रभावकारी बनाउन दक्ष, सक्षम एवम् इमान्दार न्यायिक जनशक्तिको आवश्यकता पर्दछ। हाम्रो न्यायिक संरचनामा क्रियाशिल जनशक्ति उपर सो विषयमा पटक-पटक प्रश्न उठ्ने गरेको देखिन्छ।

## अव के गर्ने त?

- स्वतन्त्र न्यायपालिकाको अवधारणात्मक पक्ष र यसले अपेक्षा गर्ने मूल्य मान्यताको परिपालना प्रभावकारी हुनुपर्दछ।
- न्यायाधीशलाई राजनीतिक चस्माले हेर्ने अवस्था आउन नदिन नियुक्ति प्रक्रिया देखि नै विशेष सजगता अपनाउनुपर्ने देखिन्छ।
- कार्यपालिका, व्यवस्थापिका न्यायपालिकासमेतले शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनको परिधिभित्र रही जिम्मेवारीपूर्ण तवरले कार्य गर्नुपर्ने देखिन्छ।

- न्यायपरिषदको संरचनामा पुनरावलोकन गर्दा न्यायाधीशको बहुमत रहने व्यवस्था गर्ने र न्यायपरिषदलाई सक्षम, राजनीति प्रभावमुक्त, स्वच्छ एवं स्वतन्त्र रुपमा काम गर्ने आदर्श संस्थाको रुपमा स्थापित गर्नुपर्दछ।
- न्यायाधीश नियुक्तिका आधारहरु वस्तुनिष्ठ बनाई पारदर्शी एवम् विश्वसनीय रुपमा न्यायाधीश नियुक्ति गर्नु पर्दछ।
- न्यायाधीश उपरको संसदीय सुनुवाइ प्रक्रियालाई थप व्यवस्थित बनाउनुपर्दछ।
- स्वतन्त्र न्यायपालिकाको गरिमालाई उच्च बनाउने न्यायाधीश तथा उक्त कार्यमा संलग्न कर्मचारी, कानून व्यवसायीसमेतले स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको स्थापित मर्यादामा रही तोकिएको जिम्मेवारी पूरा गर्नुपर्दछ।
- न्यायकर्मीले पहिरिने कालो कोटभित्र सेता भावनाहरु प्रवाहित हुन र कानूनका लामा हातहरु समान रुपमा सबैको शिर छुन आतुर रहुन् भन्ने अवधारणालाई थप मजबुद बनाउदै लानुपर्दछ।
- न्यायपालिका तथा त्यहाँ कार्यसम्पादन गर्ने न्यायकर्तालाई कुनै पनि प्रभाव, प्रलोभन, दवाव, धम्कीमा परी निर्णय गर्ने गराउने अवस्था आउन दिनु हुँदैन।
- न्यायकर्ता स्वयं न्यायिक आचरणयुक्त एवं अनुशासित रहनुपर्छ। न्यायिक जनशक्ति आचरण र अनुशासनको परिपालनामा उदाहरणीय हुन सक्नु पर्दछ।

## निष्कर्षः

न्यायपालिका संविधानको रक्षक हो। न्यायपालिकाको स्वतन्त्रता संविधानको महत्वपूर्ण तथा आधारभूत विशेषता हो। संविधान, न्याय र कानूनका मान्य सिद्धान्त अनुसार स्वच्छ र निष्पक्ष न्याय प्रदान गर्नु नै न्यायपालिकाको अन्तिम लक्ष्य हो। न्यायपालिकाकालाई राजनीतिक प्रभाव र दवावबाट अलग राख्नु पहिलो तथा अनिवार्य शर्त हो। स्वतन्त्र न्यायपालिकाको साख जोगाई राख्न हालको न्यायपरिषदको संरचनामा पुनरावलोकन गरी न्यायाधीशको बाहुल्यता कायम गर्नु जरुरी देखिन्छ। स्वतन्त्र न्यायपालिकाको जग भनेको जनताको आस्था र विश्वासको धरोहर हो। जनताको आस्था र विश्वासमा अलिकति पनि विचलन भएमा न्यायपालिका डगमगाई कमजोरसमेत बन्न सक्छ। न्यायपालिका कमजोर हुँदा दण्डहीनता मौलाउछ, जनताका मौलिक हकको कार्यान्वयनमा समस्या आउछ, त्यसले राष्ट्रियता र राज्यव्यवस्था नै कमजोर हुन सक्छ। यसर्थः न्यायपालिका स्वतन्त्र, निष्पक्ष, सक्षम र विवादरहित बन्नुपर्छ। न्यायपालिकाको स्वतन्त्रतालाई कही कतैबाट कुनै पनि प्रकारको प्रश्न खडा हुनु हुदैन। न्यायपालिकाप्रति भइरहेको वितृष्णा

घटाउनको लागि स्वतन्त्र न्यायपालिकाको गरिमा कसरी बलियो बनाउन सकिन्छ भन्नेमा सम्बन्धित सरोकारवाला सबै एक ढिक्का भएर लाग्नुपर्ने समय आइसकेको देखिन्छ।

(प्रस्तुत लेखमा व्यक्त गरिएका विचार लेखकका नितान्त निजी विचारहरु हुन, स्वतन्त्र न्यायपालिकाको उन्नयनका लागि केन्द्रित भई प्रस्तुत लेख तयार गरिएको हो।)

# मुद्दाको तथ्याङ्कगत विवरण

## अदालतहरूको मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण

(२०८१ साल माघ मसान्तसम्म)

| सि.नं | अदालत | लगत | | | फछ्र्यौट | प्रतिशत | बाँकी | बाँकी मध्येका २ वर्ष नाघेका |
|---|---|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी | नयाँ दर्ता | जम्मा लगत | | | | |
| १ | उच्च अदालत पाटन | ५१६२ | ६८६६ | १२०२८ | ५८९१ | ४८.९७ | ६१३७ | १६ |
| २ | उच्च अदालत पाटन हेटौडा इजलास | ३७४ | ८०५ | ११७९ | ६८१ | ५७.७६ | ४९८ | ० |
| ३ | काठमाडौं जिल्ला अदालत | २६४८६ | १४८३९ | ४१३२५ | १२९२३ | ३१.२७ | २८४१ ६ | १९०९ |
| ४ | भक्तपुर जिल्ला अदालत | ३९१८ | २३८७ | ६३०५ | २१६७ | ३४.३६ | ४१४२ | ३०४ |
| ५ | ललितपुर जिल्ला अदालत | ३५१८ | २६४० | ६१५८ | २२१२ | ३५.९२ | ३९४८ | ३९ |
| ६ | काभ्रेपलाञ्चोक जिल्ला अदालत | १३५८ | ११७२ | २५३० | ९७५ | ३८.५३ | १५५५ | १४ |
| ७ | सिन्धुपाल्चोक जिल्ला अदालत | २६० | ४८९ | ७४९ | ४२९ | ५७.२७ | ३२१ | ३ |
| ८ | दोलखा जिल्ला अदालत | २०१ | २७७ | ४७८ | २२३ | ४६.६५ | २५६ | १ |
| ९ | रसुवा जिल्ला अदालत | २७ | ६१ | ८८ | ४४ | ५० | ४४ | ० |
| १० | रामेछाप जिल्ला अदालत | १३१ | १९३ | ३२४ | १८६ | ५७.४० | १३८ | ० |
| ११ | नुवाकोट जिल्ला अदालत | २५५ | ४६७ | ७२२ | ४०९ | ५६.६४ | ३१३ | २ |
| १२ | धादिङ जिल्ला अदालत | ५३१ | ५५० | १०८१ | ६०८ | ५६.२४ | ४७४ | ७ |
| १३ | सिन्धुली जिल्ला अदालत | ६५९ | ४८४ | ११४३ | ४३५ | ३८.०५ | ७०८ | ४६ |
| १४ | चितवनजिल्ला अदालत | १९५० | २५९२ | ४५४२ | २१७२ | ४७.८२ | २३७० | ८ |
| १५ | मकवानपुर जिल्ला अदालत | १५९७ | १३८२ | २९७९ | १४५२ | ४८.७४ | १५२७ | ३ |

# लेख उपलव्ध गराइदिनु हुन अनुरोध

उच्च अदालत पाटनको इ-बुलेटिनको आगामी अङ्कका लागि कानून, न्याय र न्यायिक सिद्धान्तसँग सम्बन्धित विषयमा कम्तिमा १५०० शव्ददेखि बढीमा २००० शव्दसम्मका लेख रचनाहरू नेपाली युनिकोड फण्टमा टाइप गरी यस बुलेटिनको ई-मेल ठेगानाः- bulletin.hcpatan@gmail.com मा उपलव्ध गराई दिनु हुन उच्च अदालत पाटन, उच्च अदालत पाटन हेटौंडा इजलास तथा मातहतका अदालतहरूमा कार्यरत माननीय न्यायाधीश तथा कर्मचारीहरूमा हार्दिक अनुरोध छ।

| इ-बुलेटिन प्रकाशन समिति | |
|---|---|
| श्यामकुमार भट्टराई, न्यायाधीश | संयोजक |
| ब्रजेश प्याकुरेल, न्यायाधीश | सदस्य |
| दुर्गाप्रसाद ढुङ्गेल, न्यायाधीश | सदस्य |
| श्रीलाल पौडेल, रजिष्ट्रार | सदस्य |
| अनितनाथ कायस्थ, सूचना प्रविधि अधिकृत | सदस्य |

| इ-बुलेटिन सम्पादन समिति |
|---|
| शाखा अधिकृत लोकचन ढकाल |
| शाखा अधिकृत मोनिका चौधरी |
| शाखा अधिकृत हृदयचन्द्र राई |